## बकैया गाउँकार्यपालिकाको मिति २०७५।१०।२० गतेको बैठकका प्रस्ताव एवं निर्णयहरु

### १. सार्वजनिक विदा सम्बन्धमा:-

सोनाम ल्होसार पर्वको उपलक्ष्यमा बकैया गाउँपालिकाभर २०७५ साल माघ २२ र २३ गते सार्वजनिक विदा दिने निर्णय गरियो।

### २. टेलिभिजन कार्यक्रम उत्पादन र प्रशारण सम्बन्धमा:-

बकैया गाउँपालिकाले संचालन गरेका कार्यक्रमहरुबारे सर्वसाधारणलाई जानकारी गराउन तथा जनता र स्थानीय सरकारबिच सामिप्यता बढाउन एक टेलिभिजन कार्यक्रम उत्पादन गरी प्रशारण गर्ने निर्णय गरियो । र सो कार्यको लागि बढिमा रु दुइ लाख पचास हजार रकम खर्च गर्ने सर्वसम्मत निर्णय गरियो।

### ३. शिक्षा कार्यक्रम ब्रेक डाउन सम्बन्धमा:-

यस बकैया गाउँपालिकाको चालु आर्थिक वर्षको स्विकृत वार्षिक कार्यक्रममा 'बकैया गाउँपालिका-कार्यक्रम' शिर्षक अन्तर्गत रहेको 'शिक्षा सुदृढिकरण कार्यक्रम' उपशिर्षकको रकमलाई तपशिल बमोजिम ब्रेक डाउन गरी कार्यक्रम संचालन गर्ने सर्वसम्मत निर्णय गरियो।

तपशिल

| क सं | विवरण | रकम(हजारमा) |
|---|---|---|
| १ | १० वटा सामुदायिक विद्यालयहरुमा इ हाजिरी जडान | २५० |
| २ | स्रोतकेन्द्र स्तरीय नमुना विद्यालय अवलोकन भ्रमण | १५० |
| ३ | अतिरिक्त क्रियाकलाप संचालन | १०० |
| ४ | विद्यालय अनुगमन तथा निरिक्षण | २५० |
| ५ | स्रोतकेन्द्र व्यवस्थापन खर्च | ५० |
| ६ | परीक्षा सञ्चालन तथा व्यवस्थापन र अन्य कक्षाको परिक्षा अनुगमन | १०० |
| ७ | शैक्षीक सामाग्री प्रकाशन | ५० |
| ८ | शुन्य दरबन्दी भएका वा विद्यार्थी संख्याको अनुपातमा शिक्षक दरवन्दी कम भएका विद्यालयहरुलाई शिक्षण सहयोग अनुदान | ४००० |
| ९ | विविध | ५० |
| | जम्मा | ५००० |

बकैया गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय हातीसुँडे, मकवानपुर ३ नं. प्रदेश, नेपाल

दामोदर खनाल
अध्यक्ष